# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

१ असार, २०७७

## क्वारेण्टिनमा राखिएकी महिलामाथि भएको भनिएको सामूहिक बलात्कारको घटना दुःखद् क्वारेण्टिन सुधारमा जोड देऊ ।

लम्कीचुहा नगरपालिका वडा नं. १ स्थित शहिदस्मारक माध्यामिक विद्यालयको क्वारेण्टिनमा राखिएकी महिलामाथि भएको भनिएको सामूहिक बलात्कारको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । घटनाको सम्बन्धमा आयोगले नेपाल प्रहरीलाई विस्तृत जानकारी पठाउन पत्राचार गरेको छ । आयोगको धनगढीस्थित प्रदेश कार्यालयको टोली अनुगमनको लागि घटनास्थलतर्फ प्रस्थान गरेको छ ।

कोभिड-१९ को महामारीबाट बाँच्न आफ्नो थातथलो सम्झेर भारतबाट आई गत जेठ २० गते देखि क्वारेण्टिनमा बस्दै आएकी उनलाई २०७७ जेठ ३१ गते राती बलात्कार भएको भनी आयोगमा जानकारी प्राप्त भएको छ । आयोगले यस अघि विश्व स्वास्थ्य सङ्गठनको क्वारेण्टिन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी मापदण्ड लागू गर्न पटक पटक नेपाल सरकारको ध्यानाकर्षण गराएकोमा सुधार नहुनु र राज्यका निकायहरुबाटै सञ्चालित क्वारेण्टिन भित्रै यस्तो जघन्य अपराधको घटना हुनु अत्यन्त दुःखद् पक्ष हो । उक्त घटनाबाट नेपालको संविधानको धारा ३८ र १८ मा उल्लेखित मौलिक हक र नेपाल पक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ मा उल्लेखित अधिकारको समेत उल्लंघन भएको देखिन्छ ।

अतः विश्व स्वास्थ्य सङ्गठनको मापदण्डबमोजिम क्वारेण्टिन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिकाको पूर्ण कार्यान्वयन गर्न आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ । साथै, उक्त घटनामा संलग्न दोषीलाई तत्काल कानूनी दायरामा ल्याउन, क्वारेण्टिनहरुमा यस प्रकारका घटनाहरु नदोहोरिने सुनिश्चितता गर्न, बलात्कृत भएको भनिएकी महिलाको शीघ्र स्वास्थ्य परीक्षण तथा पीसीआर परीक्षण गरी मनोसामाजिक विमर्श प्रदान गर्न, परिवारमा पुनर्एकीकरण गर्न तथा उचित राहत तथा क्षतिपूर्ति प्रदान गर्न समेत आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

.................................
वेद भट्टराई
सचिव/प्रवक्ता